अर्नमा गाउँपालिका
ARNAMA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अर्नमा, सिरहा (ARNAMA, SIRAHA)
मधेश प्रदेश, नेपाल (MADHESH PROVINCE, NEPAL)
http://anarmamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045

प.सं.(Letter No.) :-२०८२/०८३ मिति(Date):- २०८३/०२/२२

**सूचना** **सूचना** **सूचना**

**विषय: सिँचाइका लागि निःशुल्क मोटर बोरिङ माग गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा आ.व. २०८२/०८३मा यस अर्नमा गाउँपालिकाको गाउँसभाबाट पारित सिँचाइका लागि निःशुल्क मोटर बोरिङ् वितरण कार्यक्रम अन्तर्गत वडा नं.१ र वडा नं. ४ लटाटोलका कृषकहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र तपसिलका शर्त तथा कागजातका साथ गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

**तपसिल:**

१. **शर्तहरू:**
आवेदन दिने किसानले यसअघि अर्नमा गाउँपालिका, कृषि ज्ञान केन्द्र सिराहा, सिँचाइ डिभिजन कार्यालय लहान, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम धनगढीमाई न.पा. तथा अन्य सरकारी निकायबाट आफू वा एकासगोल परिवारका कुनै सदस्यले यसअघि मोटर बोरिङ नलिएको हुनुपर्नेछ।

२. अर्नमा गा. पा. ४ लटाटोलको लागि मोटर बोडिङ र अर्नमा गा.पा., १ महनौरका लागि बोडिङमात्र हुनेछ।

**कागजातहरू:**

१. २०८२/०८३ सम्मको मालपोत कर बुझाएको रसिदसहित लालपुर्जाको प्रतिलिपि (थान १–१),
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि – थान १,
३. १० कठ्ठा जग्गाधनी प्रमाण पुर्जा वा लिजमा लिएको भए सम्झौता पत्रको प्रतिलिपि – थान १,
४. आवेदन,
५. आफू वा एकासगोल परिवारका कुनै सदस्यले यसअघि मोटर बोरिङ नलिएको स्वघोषणा पत्र - थान १,
६. मूल जग्गाधनीको हकभोग खाने नाम नमिलेमा माग गर्नेसँगको नाता प्रमाणित प्रतिलिपि – थान १,
७. अर्नमा गाउँपालिकाको कृषि शाखा/ गाउँपालिका अध्यक्षको सिफारिस पत्र।

२०८३/०२/२२
द्रोपती कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत